अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

थासाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :८ संख्या :१८ मिति :२०८१/१०/२७

## भाग – १

# थासाङ गाउँपालिका

# थासाङ गाउँपालिकाको स्थानिय तथ्याङ्क सङ्कलन ऐन २०८१

थासाङ गाउँसभामा पेश भएको मिति :- २०८१/१०/२७

थासाङ गाउँसभाबाट स्वीकृत मिति : २०८१/१०/२७

थासाङ गाउँपालिका

प्रस्तावना: समय सापेक्ष निति निर्धारण गर्न, आयोजनाहरु तर्जुमा गर्न, सुसाशनको प्रत्याभुती दिन र गाउँपालिकाको आर्थिक, सामाजिक र भौतिक अवस्थाबारे यथेष्ट ज्ञान प्राप्त गर्न पालिकालाई यथार्थ आधार चाहिएको र स्थानीय सरकार सञ्चालन ऐनमा पनि तथ्याङ्क अद्यावधिक र संरक्षण स्थानीय तहको प्रमुख काम कर्तव्य र अधिकार भएको अवस्थामा त्यस्तो आधार जुटाउन तथ्याङ्क सम्बन्धी सुविधाको व्यवस्था गर्न र तथ्याङ्क संकलन अभिलेखिकरण प्रकाशन र विश्लेषण गर्नको निम्ती आवश्यक कानुनी व्यवस्था गर्न बान्छनिय भएकाले नेपालको संविधानको धारा २२६ र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा १ बमोजिम अधिकार प्रयोग गरी थासाङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाई लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१. यो ऐनको नाम "थासाङ गाउँपालिकाको स्थानिय तथ्याङ्क सङ्कलन ऐन २०८१" रहेको छ ।

२. यो ऐन गाउँ सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरुन्त लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

क) "गाउँपालिका" भन्नाले थासाङ गाउँपालिका सम्झनुपर्दछ।

ख) "कार्यपालिका" भन्नाले थासाङ गाउँ कार्यपालिका सम्झनुपर्दछ।

ग) "अध्यक्ष" भन्नाले थासाङ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

घ) "उपाध्यक्ष" भन्नाले थासाङ गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले थासाङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च) "अधिकार प्राप्त कर्मचारी" भन्नाले यो ऐन अन्तरगत संकलन गर्नुपर्ने तथ्याङ्क र खवरको विवरण संकलन गर्न गाउँपालिका द्वारा अधिकार दिईएको कर्मचारी सम्झनु पर्छ।

छ) "गणना" भन्नाले कुनै पनि विषयको तथ्यपूर्ण जानकारी प्राप्त गर्न सम्बन्धित एकाईको पूर्ण रूपमा तथ्याङ्क सङ्कन गर्ने विधि वा प्रक्रिया सम्झुन पर्दछ।

ज) "तथ्याङ्क" भन्नाले आर्थिक, सामाजिक, भौतिक, वातावरणीय लगायतका विवरण, लगत वा सूचना सम्झनु पर्दछ रसो शब्दले त्यस्ता विवरण, लगत वा सूचनाको व्यवस्थित सङ्कलन, प्रस्तुतिकरण वा विश्लेषण गरी तयार गरिएको सङ्ख्यात्मक प्रस्तुति समेतलाई जनाउँछ।

झ) "सूचित आदेश" भन्नाले कुनै खास तथ्याङ्क सम्बन्धी कार्यका लागि गाउँपालिकाले सूचना प्रकाशित गरी जारी गरेको आदेश सम्झनुपर्दछ।

ञ) "सरकारी निकाय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका सरकारी निकाय सम्झनुपर्दछ।

ट) "सर्वेक्षण" भन्नाले कुनै विषयको गतिविधि, प्रयोग र प्रवृति सम्बन्धी तथ्यपूर्ण जानकारीको लागि नमुना छनोट गरी तथ्याङ्क सङ्कलन गरिने विधि वा प्रक्रिया सम्झनु पर्दछ।

ठ) "संस्था" भन्नाले सार्वजनिक, निजी, गैरसरकारी वा सहकारी संस्था सम्झनु पर्दछ।

ड) "सुचित आदेश" भन्नाले गाउँ कार्यपालिकाबाट निर्णय भई दिइएको आदेश सम्झनु पर्दछ।

ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधिमा तोकिएको वा तोकिए बमोजिमको व्यवस्थालाई सम्झनु पर्दछ ।

३. स्थानीय तथ्याङ्क प्रणाली स्थापना गर्नेः

थासाङ गाउँपालिका

१. यस ऐन र ऐन अन्तर्गत बनेका कानून बमोजिम गाउँपालिकाले गाउँपालिकास्तरीय विभिन्न तथ्याङ्कहरूको सङ्कलन, भण्डारण र अद्यावधिक गर्नका लागि एकीकृत स्थानीय तथ्याङ्क प्रणालीको विकास गर्न सक्नेछ।

२. सो प्रणालीलाई गाउँपालिका भित्रका कार्यालय, प्रदेश कार्यालय र संघीय कार्यालयसँग आवद्ध गर्न सकिनेछ।

३. स्थानीय तथ्याङ्क प्रणालीको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधि, प्रक्रिया र मापदण्ड तोकिए बमोजिम हुनेछ।

४. तथ्याङ्क सम्बन्धी मानक र गुणस्तर सम्बन्धी व्यवस्थाः

१. स्थानीय तथ्याङ्क सम्बन्धी मानक र गुणस्तर र त्यसको आधार सम्बन्धी व्यवस्था तथ्याङ्क सम्बन्धी संघीय कानून बमोजिम हुनेछ।

५. तथ्याङ्क सङ्कलन गर्ने

१. गाउँपालिकाले कूने विषयमा तथ्याङ्क सङ्कलन गर्न सूचित आदेश जारी गर्न सक्नेछ।

२. उपदफा (१) बमोजिमको सूचित आदेश बमोजिम कार्यालयले कुनै व्यक्ति, घर परिवार, संस्था वा सरकारी निकायसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्नेछ।

३. कार्यालयले कुनै व्यक्ति, घर परिवार, संस्था वा सरकारी निकायलाई तिनिहरूको भोगचलन वा नियन्त्रणमा रहेको वस्तुको तथ्याङ्क पेश गर्न लिखित सूचना दिन सक्नेछ।

४. उपदफा (१), (२) वा (३) बमोजिमको आदेश वा सूचना बमोजिमको तथ्याङ्क उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

५. संघीय र प्रदेश सरकारले राष्ट्रिय रूपमा प्रयोग गर्ने गरेको तथ्याङ्क विश्वासयोग्य र तथ्यपरको नलागेको अवस्थामा गाउँपालिकाले पुनः तथ्याङ्क लिन सक्नेछ।

६. यस दफा बमोजिम सूचित आदेश जारी भएपछि त्यस्तो तथ्याङ्क सङ्कलन गर्न प्रमुख प्रशासकीय अधिकृतले आवश्यक सङ्ख्यामा अधिकृत तथा कर्मचारी खटाउन सक्नेछ।

७. स्थानीय तहले तथ्याङ्क सङ्कलनका लागि अन्य कुनै सरकारी कार्यालय र विभिन्न संस्थालाई सम्झौता गरी खटाउन सक्नेछ।

८. प्राज्ञिक वा निजी अध्ययन तथा अन्य कुनै पनि प्रकृतिको तथ्याङ्क सङ्कलनका लागि कार्यालयको स्वीकृति लिनु अनिवार्य हुनेछ।

९. यस दफा बमोजिम गरिने तथ्याङ्क सङ्कलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. तथ्याङ्क परीक्षण गर्ने अधिकार

१. प्रमुख प्रशासकीय अधिकृत वा निजले खटाएको अधिकृतले दफा ५ बमोजिम सङ्कलन भएको तथ्याङ्कको सत्यताको परीक्षण गर्न सक्नेछ।

२. उपदफा (१) बमोजिम परीक्षण गर्दा प्रमुख प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई देहाय बमोजिमको अधिकार हुनेछः-

i. सङ्कलन भएङ्को तथ्याङ्कको विश्वसनीयताको लागि त्यस्तो तथ्याङ्क सम्बन्धी विषयमा कुनै व्यक्तिलाई थाह छ भन्ने मनासिब आधार भएमा निजसँग प्रश्न सोध्ने,

ii. सङ्कलन भएको तथ्याङ्क अपूर्ण भएमा वा सोको विश्वसनीयताको लागि थप तथ्याङ्क आवश्यक पर्ने भएमा तथ्याङ्क पुनः उपलब्ध गराउन सूचना दिने,

गाउँपालिका

iii. तथ्याङ्क उपलब्ध गराउनु पर्ने कर्तव्य भएको व्यक्ति, संस्था, घर परिवारको भोगचलन वा नियन्त्रणमा रहेको भवन, जग्गा वा कम्पाउन्डमा पूवसूचना दिई प्रवेश गर्ने।

७. तथ्याङ्क सङ्कलन तथा प्रकाशन गर्न नहुने।

१. यो ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएतापनि देहायको अवस्था र विषयमा तथ्याङ्क सङ्कलन तथा प्रकाशन गर्न कार्यालयले अनुमति दिने छैन।

i. मुलुकको राष्ट्रिय हित, शान्ति सुरक्षा, सामाजिक सद्भाव, अन्तर सरकार समन्वय र कुटनीतिक सम्बन्धमा प्रतिकुल असर पर्ने देखिएको,

ii. कार्यालयले आफुले सङ्कलन गर्ने तयारी गरेका तथ्याङ्क

iii. प्रचलित कानूनले निषेध गरेका।

८. तथ्याङ्क प्रमाणित गराउनुपर्नेः

१. यस ऐन बमोजिम अनुमति प्राप्त गरी सङ्कलन गरिएको तथ्याङ्क प्रयोगमा ल्याउनु वा त्यस्तो तथ्याङ्कबाट प्राप्त नतिजा प्रकाशन गर्नु अघि कार्यालयबाट तोकिए बमोजिम प्रमाणित गराउनु पर्नेछ।

९. गोपनियता सम्बन्धी व्यवस्था

१. यस ऐनको अधिनामा रही जुनसुकै स्रोत वा माध्यमबाट प्राप्त व्यक्तिगत तथ्याङ्कको गोपनीयता कायम गर्ने प्रयोजनका लागि त्यस्तो तथ्याङ्क प्रयोग गर्दा वा गराउँदा कार्यालय, सरकारी निकाय वा संस्थाले देहाय बमोजिम गर्नु, गराउनुपर्नेछ।

i. त्यस्तो तथ्याङ्क तथा सोको कम्प्युटर डाटाबेस, विद्युतीय अभिलेख वा कुनै अंश सामुहिक तथ्याङ्कीइ प्रयोजनका लागि मात्र प्रयोग गर्ने, र

ii. त्यस्तो तथ्याङ्क उपलब्ध गराउने व्यक्ति वा निजद्वारा अधिकारप्राप्त प्रतिनिधिको लिखित स्वीकृति वेगर सम्बन्धित अधिकारप्राप्त अधिकारी बाहे कसैलाई देखाउने, प्रकाशन गर्ने वा अन्य कुनै निकायमा प्रमाणको रूपमा पेश गर्ने कार्य नगर्ने।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत चल्ने मुद्दाको अनुसन्धान सुनुवाइको क्रममा अनुसन्धान अधिकारी वा अदालतले माग गरेमा त्यस्तो तथ्याङ्क, कम्प्युटर डाटाबेस वा विद्युतीय अभिलेख उपलब्ध गराउने सो उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

१०.नियम वनाउने अधिकारः-

१. यस ऐनको उदेश्य कार्यान्वयन गर्न गराउन गाउँपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका र मापदण्ड निर्माण गर्न सक्नेछ ।

११.संसोधनः- यस ऐनमा समय सापेक्ष संशोधन गर्न आवश्यक ठानेमा गाउँपालिकाले

१२.बचाउः- यस ऐनमा राखिएको कुनै पनि व्यवस्था नेपालको संविधान, अन्य प्रपचलित संघिय कानुन तथा प्रादेशिक कानुनसँग वाझिएमा वाझिएको हद सम्म वदर भागी हुनेछ ।

आज्ञाले,

बिकाश परियार

प्रमुख प्रशासकीय अधिकृत